ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक १९८
९ बैशाख २०८० शनिबार
22 Apr. 2023, Saturday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## उपचारका क्रममा बिरामीको मृत्यु भएपछि प्रादेशिक अस्पतालमा तोडफोड

**खबर दर्पण समाचारदाता**

**बैशाख ८ गते, जनकपुर**
उपचारका क्रममा बिरामीको मृत्यु भएपछि प्रादेशिक अस्पताल जनकपुरधाममा तनाव भएको छ । उपचारमा चिकित्सकले लापरबाही गरेको आरोप लगाउँदै मृतकका आफन्तले शुक्रबार अस्पतालमा तोडफोड गरेपछि तनाव भएको हो ।

छाती दुखेपछि शुक्रबार बिहान अस्पताल भर्ना भएका जनकपुर धाम उपमहानगरपालिका वडा नम्बर-७ जानकी नगरका ६० वर्षीय रामबाबु साहको दिउँसो करिब २ बजे मृत्यु भएको थियो । सामान्य अवस्थामा भर्ना भएका बिरामीको चिकित्सकले लापरबाही गर्दा मृत्यु भएको आरोप मृतकका छोरा कृष्णा साहले लगाएका छन् ।

'बिहान उपचारका लागि अस्पताल पुगेका बिरामीको दिउँसो मृत्यु भएको छ,' मृतकका छोरा कृष्णाले भने, 'छाती दुखेपछि भर्ना गरेका थियौँ । उपचारका लागि डाक्टर लाई पटक-पटक बोलायौँ, तर आएनन् । उपचार गर्न नसक्ने अवस्था भए अन्यत्र रेफर गरि दिनुपर्थ्यो । हामी अन्तै लैजान्थ्यौँ ।' कृष्णाले आफ्नो बुवा दिनको १२ बजेसम्म एकदम ठिक रहेको र आफूले भाइलाई अस्पतालमा छाडेर खाना खान घर गएको बेला अचानक उनको स्वास्थ्य अवस्था खराब हुँदा चिकित्सकहरुले उपचार प्रति कुनै चासो नदेखाएको आरोप लगाए । चिकित्सकहरुसँग उपचारका लागि एक घण्टासम्म गुहार लगाएपनि कसैले केही नसुनेको र अनाहकमा आफ्नो बुवाको ज्यान गएको उनको दुःखेसो छ ।

उनले प्रश्न गर्दै भने, 'मुख्यमन्त्री सरोजकुमार यादवले प्रादेशिक अस्पताल जनकपुरलाई सुधार गर्ने जनाएको प्रतिबद्धता कहाँ हरायो ? उनले अनुगमन गरेपनि यहाँ कुनै सुधार देखिएन त ? कि सबै नाटक नै थियो मुख्यमन्त्रीको पनि ? यहाँ उपचारका लागि आउने बिरामीले अनाहकमा यसरी नै ज्यान गुमाउने हो त ? खोई त हाम्रो सरकार ?'

यता, अस्पतालका चिकित्सक डा.शरद यादवले बिरामीको अवस्था पहिलेदेखि नै खराब रहेको र अक्सिजनको मात्रा पनि कम रहेको बताए ।

उनले भने, 'गम्भीर अवस्थामा पनि उनी उपचारकै क्रममा आफैं बाथरुममा आवतजावत गरिरहेका थिए ।

सोही क्रममा बाथरुममै लडेर अचानक उनको मृत्यु भयो । यस घटनामा अस्पतालको कुनै गल्ती छैन ।'

# आफ्नै बुवाबाट घात गरिएका रामअशेश्वरले बल्ल पाए न्याय



**खबर दर्पण समाचारदाता**

**बैशाख ८ गते, महोत्तरी**
महोत्तरीका रामअशेश्वर ठाकुरले १४ वर्ष साउदी अरबमा पसिना बगाउनुभयो । उमेर छँदै श्रम गरे भविष्यमा सुखको जीवन बाँचिएला र आश्रित परिवारले पनि दुःख भोग्नु नपर्ला भन्ने सोचेरै उहाँ देश छोडेर परदेश पुग्नुभएको थियो ।

"घरको जेठो छोरा हुनुको जिम्मेवारी बोध थियो, त्योभन्दा बढी सन्तान र आफ्नै भविष्यको चिन्ता थियो । घरपरिवार, जहान, बालबच्चा सबैलाई छोडेर साउदी गएँ", सन् २००२ मा नेपाल छोडेको क्षण स्मरण गर्दै ठाकुरले भन्नुभयो, "सन् २००२ देखि २०१६ सम्म साउदीमा बिताएँ । कति र गत पसिना बगाएँ । सन्तान र परिवारको खुसीका लागि आफ्ना सबै चाहनालाई उतै बन्दी राखेँ । बुबाआमा, भाइहरूको खुसीले आफ्ना दुःख भूले तर के गर्नु आफ्नै बुबाबाट घात भयो'।"

बुबाबाट घात रु प्रश्न नसकिँदै रामअषेश्वरले सुस्केरा हाल्दै भन्नुभयो, "हो, आफ्नै बुबाबाट घात, त्यो पनि मलाई नै ठगेर ।" तमाम दुःख, अपमान र कष्टबाट मुक्तिका लागि सन् २०१६ मा विदेशको बसाईलाई बिट मार्दा उहाँको खुसीको सीमा थिएन । नेपाल आएपछि फेरि कहालीलाग्दो सङ्घर्ष गर्नुपर्ला भन्ने कल्पना पनि गर्नुभएको थिएन उहाँले । "सामान्य मान्छे, कार्पेन्टरको काम, बिरानो देशमा भोगेका पीडालाई कहिल्यै नसम्झिने गरी नेपाल फर्किए तर यहाँ त्योभन्दा भयानक पीडा र सङ्घर्ष गर्नुपऱ्यो, आफ्नै बुबासँग", उहाँले दुखेसो गर्नुभयो ।

उहाँका बुबाआमा र दुई भाइ छन् । विदेश जाँदा बुबासँग पैत्तिक सम्पत्तिको नाममा तीन कट्ठा जमिन थियो अनि एउटा घर । उहाँ विदेशबाट फर्किदा बुबासँग करिब एक बिघा जग्गा थियो । "चौध वर्षपछि फर्केको मान्छे, सम्पत्ति खोज्नु स्वाभाविक थियो तर म माथि घात भइसकेको रहेछ । बुबाले केही सम्पत्ति बेचिसकेका र बाँकी दुई भाइलाई भागबण्डा गरिसकेका थिए", रामअशेश्वरले सम्हालिँदै भन्नुभयो, "मैले आर्जेको सबै सम्पत्ति नदिए पनि मेरो भागमा कति पर्छ त्यति दिनुस् भनेँ । टोल समाजका मानिसले सम्झाउने प्रयास गरे तर कुरै सुनेनन् । म मुद्दा लड्न चाहन्न, मलाई केही त दिनुस्भन्दा जता जान्छौँ जाउँ म दिन्न भनेर बुबाले भने'।"

उहाँ आफूसँग पैसा नहुँदा मुद्दा मामिला गर्न नसकेको बताउनुहुन्छ । सङ्कटमा परेका ठाकुरको महोत्तरी जिल्लास्थित कानुनी सहायता अधिकृतको कार्यालयसँग सम्पर्क भयो । सोही कार्यालयको सहयोगमा २०७६ पुस १६ गते जिल्ला अदालतमा मुद्दा दायर भयो । "आर्थिक अभावका कारण कानुनको पहुँचबाट बाहिर र हनुभएका उहाँलाई कानुनी सहायता अधिकृतको कार्यालयले निःशुल्करुपमा सहयोग गर्छौं भन्ने थाहा पाएपछि हाम्रो सम्पर्कमा आउनुभएको थियो", कानुनी सहायता अधिकृत मनोजकुमार साहले भन्नुभयो, "हामीले मुद्दा लड्यौँ र २०७९ असार ५ गते जिल्ला अदालत महोत्तरीको फैसलाअनुसार उहाँले न्याय पाउनुभएको छ ।"

ठाकुरले अहिले १४ वर्ष कमाएको सम्पत्तिबाट पाँच भागको एक भाग अंशअर्थात् चार कट्ठा जमिन र पुर्ख्यौली घरमा एक कोठा पाउनुभएको छ। ठाकुरले भन्नुभयो, "मेरो पाँच जनाको परिवार एउटा कोठामा बसिरहेका छौँ । छोरीको बिहे र अरू गर्जो टार्न अहिले रु २० लाख ऋण छ । पाएको चार कट्ठा बेच्दा पनि ऋण तिर्न सकिँदैन । अब उमेरले पनि कमाउन सकिँदैन ।"

यस्तै समस्या थियो, महोत्तरीकी शान्तिदेवीलाई पनि । श्रीमान्ले बहुविवाह गरे। अन्याय शान्तिलाई थियो तर श्रीमान्ले थप पीडा दिने गरी चरित्रमाथि आक्षेप लगाउँदै अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दायर गरे। त्यसको विरुद्ध शान्तिले

बाँकी पृष्ठ ३ मा




संजना अटो
क्षीरेश्वरनाथ नगरपालिका ५ महेन्द्रनगर , धनुषा___सम्पर्क नं : ०४१-५४००५०, ९८१५८४४३८५

# म्यागेजिन कभरमा टपलेस पोज दिएर चर्चामा आएकी थिइन् ममता कुलकणी : दुई हजार करोडको ड्रग र्‍याकेटमा अहिले पनि फरार



ममता कुलकर्णीको जन्म २० अप्रिल १९७२ मा मुम्बईको एक मध्यम वर्गीय परिवारमा भएको थियो । एक दिन ममताकी आमाले अखबारमा विज्ञापन देखिन् जसमा मोडलिङ एजेन्सीले नयाँ अनुहार खोज्दै छ भन्ने लेखिएको थियो । ममता त्यति बेला स्कुलमा थिइन् । ममता घरमा आउने बित्तिकै आमाले 'मोडलिङ गर्न चाहन्छौ' भनेर छोरीलाई सोधिन् । ममताको उमेर निर्णय दिन सक्ने हिसाबले निकै सानो थियो, त्यसैले उनले 'हेरौँ' भनिन् । त्यसपछि आमाले तुरुन्तै भनिन्, 'ठिक छ, बेलुका तयार हुनु हामी एक एड एजेन्सीमा जाँदै छौँ । ' ममता त्यो एजेन्सीमा पुगिन् र उनले लगातार मोडलिङको अफर पाउन थालिन् ।

मोडलिङपछि ममताले साउथ फिल्ममा काम पाउन थालिन् । उनको पहिलो फिल्म ननबारगल (१९९१) थियो । ममता मेरा दिल तेरे लिए (१९९१) बाट हिन्दी फिल्ममा आइन् र फिल्महरू गर्न जारी राखिन् । सुनिल शेट्टी, अक्षय कुमार, सैफ अली खान, सन्नी देओल जस्ता ठुला स्टारहरूसँग काम गर्दा ममतासँग पक्कै पनि धेरै फिल्महरू थिए तर उनले शीर्ष अभिनेत्रीको सूचीमा कहिल्यै स्थान पाउन सकिनन् । ममताको करियरका सबैभन्दा चर्चित फिल्महरू आशिक आवारा (१९९३), करण अर्जुन (१९९५), सबेसे बडा खिलाडी (१९९५), आन्दोलन (१९९५), बाजी (१९९६), चाइना गेट (१९९८) हुन् ।

**हैदराबादमा छ ममता कुलकर्णीको मन्दिर**

सन् १९९२ मा, ममता कुलकर्णी फिल्म 'प्रेम शिकारम'मा देखिएकी थिइन् जसले बक्स अफिसका सबै रेकर्ड तोडेको थियो । साउथमा ममताको फ्यान फलोइङ यति बढेको थियो कि उनका फ्यानले हैदर ावादमा उनको मन्दिर बनाएका थिए । फिल्म रिलिज भएपछि ममतालाई साउथबाट धेरै फ्यानमेल आउँथे । यो कुरा थाहा पाउने बित्तिकै उनले भनेकी थिइन्, 'मैले कहिल्यै यस्तो सोचेकी पनि थिइनँ । यदि कहिल्यै नेल्लोरबाट यात्रा गरेँ भने त्यो मन्दिरमा पक्कै पनि जानेछु । '

**म्यागेजिन कभरमा टपलेस पोज दिएर ममता चर्चामा आएकी थिइन्**

ममताले सन् १९९३ मा स्टारडस्ट म्यागेजिनको कभर पेजका लागि टपलेस फोटोशूट गरेकी थिइन् । पत्रिका बाहिरिएसँगै ममता विवादमा परेकी थिइन् । यसका लागि ममताले माफी मागेर स्पष्टीकरण दिइन् । लहरें रेट्रोलाई दिएको एउटा पुरानो भिडियोमा ममताले भनेकी थिइन्, 'मलाई थाहा छ, मबाट गल्ती भएको छ । मलाई मानिसहरूले धेरै सोझो ठान्नुहुन्छ । मलाई फ्यान लेटर आउँदा यसको सुरुमा 'आदरणीय ममता कुलकर्णी' को साथमा हुन्थ्यो । यस्तोमा मेरो टपलेस फोटो आउँदा मेरा प्रशंसकलाई धक्का लागेको छ । यसको परिणाम यस्तो होला भनेर मलाई थाहा नै थिएन । मानिसहरूलाई धेरै आपत्ति यस कारण भयो किनभने मेरो इमेज नै भिन्न थियो । मलाई मानिसहरूले देवीलाई झैँ पुज्दथे । त्यति बेला २० रुपैयाँको यो म्यागेजिन सय रुपैयाँमा बेचिएको थियो ।'

**स्पष्टीकरण दिँदा धेरै नायिकाको नाम लिएकी थिइन्**

स्पष्टीकरण दिँदै एकातिर उनले आफ्नो बचाउ गर्न खोजिन् भने अर्को तिर उनले अरू नायिकाको पनि नाम लिइन् जसका कारण उनको बयान थप चर्चामा आयो । उनले भनेकी थिइन्, 'पूजा बेदी वा अन्य कुनै नायिकाले यस्तो गरेको भए, यो नयाँ कुरा हुँदैनथ्यो । उनीहरूको यो दैनिकको काम हो । जब ममता कुलकर्णीले गरिन् तब मानिसलाई धक्का लाग्यो । यस्तै, यदि भाग्य श्रीले गरेको भए पनि मानिसहरूलाई धक्का लाग्थ्यो ।'

**अन्डर वर्ल्ड डन छोटा राजनको धम्कीले पाएकी थिइन् फिल्म चाइना गेट फिल्म**

फिल्म घातकको 'मारा रे' गीतमा ममता विशेष भूमिकामा थिइन् । यो फिल्म राजकुमार सन्तोषीले निर्देशन गरेका हुन् । जब राजकुमारले १९९९ मा फिल्म चाइना गेट बनाउने निर्णय गरे, उनले ममतालाई साइन गराए । कास्टिङबाट राजकुमार खुसी थिएनन् र नायिका परि वर्तन गर्ने सोचमा थिए । राजकुमारले उनलाई फिल्मबाट निकाल्ने बित्तिकै उनलाई लगातार अन्डर वर्ल्ड डन छोटा राजनको धम्कीपूर्ण फोन आइरह्यो । छोटा राजनको धम्की आएपछि राजकुमारले ममतालाई नै फिल्ममा राखे ।

फिल्म रिलिज भयो तर यो बक्स अफिसमा नराम्रोसँग फ्लप भयो । यो फिल्म छम्मा-छम्मा गीतका लागि चिनियो । यसबाट उर्मिला मातोन्डकर ले धेरै चर्चा पाएकी थिइन् । यस्तै, ममताले मुख्य नायिका हुँदासमेत तारिफ बटुल्न सकिनन् ।

**कास्टिङ काउचको खुलासा गर्दै राजकुमार सन्तोषीमाथि गम्भीर आरोप लगाएकी थिइन्**

फिल्म फ्लप भएपछि ममता कुलकर्णीले एक अन्तरवार्तामा फिल्मको सुटिङका बेला राजकुमार सन्तोषीले आफूलाई सम्झौता गर्न भनेको खुलासा गरेकी थिइन् । उनका अनुसार उक्त प्रस्ताव अस्वीकार गर्दा फिल्मबाट उनको धेरैजसो दृश्य हटाइएको थियो । राजकुमारले भनेपछि उनलाई थुप्रै फिल्मबाट निकालिएको पनि उनले आरोप लगाएकी थिइन् ।

**छोटा राजनसँग सम्बन्ध थियो, उनी जेल जाने बित्तिकै बलिउडबाट गायब भइन्**

एक समयमा ममता कुलकर्णी र छोटा राजनको अफेयरको किस्सा चर्चामा थियो । यी दुवैले कहिल्यै आफ्नो सम्बन्ध सार्वजनिक गरेनन् तर जसरी छोटा राजनले आफ्नो धम्कीले ममतालाई फिल्म दिलाउँथे, त्यसबाट यो स्पष्ट हुन्थ्यो कि यी दुईबीच केही थियो । अनुसन्धान एजेन्सीबाट बच्नका लागि छोटा राजनले जब देश छोडेर भाग्नुपर्‍यो तब यी दुईबीच दुरी बढ्यो । छोटा राजनको अनुपस्थितिमा विक्की गोस्वामीले उनको काम सम्हाले । यस्तोमा ममता र विक्की गोस्वामीको नाम जोडिन थाल्यो । छोटा राजन गएपछि ममताले फिल्म पाउन छोडिन् । सन् २००२ को फिल्म 'कभी हम कभी तुम' पछि ममता कुलकर्णी अचानक फिल्मबाट टाढिइन् ।

**ग्ल्यामरको दुनियाँ छोडेर बनेकी थिइन् साध्वी**

फिल्मी उद्योग छोडेपछि ममता विक्की गोस्वामीसँग दुबई र केन्यामा गएर बस्न थालिन् । त्यसपछि अचानक सन् २०१३ मा ममताको एउटा तस्बिर सार्वजनिक भयो जुन उनले सोसल मिडियामा पोस्ट गरेकी थिइन् । तस्बिरमा ममता साध्वीको अवतारमा देखिएकी थिइन् । त्यस वर्ष ममता कुलकर्णीले बुक अटोबायोग्राफी अफ ए योगिनी लन्च गरिन् । यो तस्बिर र किताबले ममता पुनः चर्चामा आइन् । एक टिभी च्यानललाई दिएको अन्तरवार्तामा उनले भनेकी थिइन्, 'मैले विक्कीसँग विवाह गरेको छैन । म यति बेला कसैको पनि श्रीमती होइन । केही मानिस काम गर्नका लागि जन्मिन्छन् र केही भगवानका लागि । म भगवानका लागि जन्मिएकी हुँ । ममता पूर्ण रूपमा साध्वी बनेकी छिन् ।'

**२००० करोडको इन्टरनेशनल ड्रग र्‍याकेटमा फसेकी थिइन्**

सन् २०१६ मा ममता कुलकर्णी र उनका कथित श्रीमान् विक्की गोस्वामीको नाम २००० करोडको ड्रग र्‍याकेटमा आएको थियो । यी दुईले केन्यामा एउटा ठुलो ड्रग र्‍याकेट चलाइरहेका छन् भन्ने आरोप थियो । नाम आएपछि दुबैको खोजी सुरु भयो तर दुवै भेटिएनन् । सन् २०१६ मा ठाणेको एक विशेष अदालतले दुबैलाई भगौडा घोषित गर्‍यो । सन् २०१७ मा ममताको मुम्बईस्थित सम्पत्ति जफत गरिएको छ ।- एजेन्सी

मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं । दुर्घटनाबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

बालबालिकाहरुलाई अनिर्वा विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

मठिहानी नगरपालिका कार्यालय
महोत्तरी

# विवादबीच 'सकम्बरी'लाई करोड 'भ्युज'




गायक प्रकाश सपुतको गीत 'सकम्बरी'ले साता दिनमै युट्युबमा करोड 'भ्युज' पाएको छ । सपुतको आफ्नै युट्युब च्यानलबाट सार्वजनिक सो गीतलाई बिहीबार दिउँसोसम्ममा एक करोड बढीपटक हेरिएको हो । 'सकम्बरी' गत शुक्रबारदेखि नै युट्युब ट्रेन्डिङको पहिलो स्थानमा छ । युट्युबमा गीत सुनेर-हेरेर १८ हजार बढीले प्रतिक्रिया दिएका छन् भने झन्डै चार लाखले 'लाइक' गरेका छन् ।

कलाकार बन्ने सपना बोकेर सहर छिरेकी ग्रामीण युवतीको कथा गीतमा छ । गीतको म्युजिक भिडियोमा महिला पात्रको चरित्रलाई लिएर गरि एको प्रस्तुतिलाई कतिपयले आलोचना गरेका छन् ।

गीतको सिर्जना र कला पक्षमाथि तर्क/प्रतितर्क भइरहेको छ । गीतको बचाउ र विरोध जारी छ । विवाद र चर्चाबीच युट्युबमा भने गीतले आक्रामक भ्युज बटुलिरहेको छ। युट्युबमा छिटो करोड भ्युज पाउनेमध्येमा सकम्बरी परेको छ ।

गीतको रचना र संगीत पनि गायक सपुत आफैँले गरेका हुन् । सपुतलाई गायिका व्रता गन्धर्वले स्वरमा साथ दिएकी छन् । गीतको म्युजिक भिडियोमा कलाकार सुनिल थापा, कुशुम शर्मालगायतले अभिनय गरेका छन् ।

गायक तथा सर्जक सपुतका यसअघि सार्वजनिक 'पिर', 'गलबन्दी', 'बोलमाया' लगायत गीत सर्वाधिक चर्चित छन् । बागलुङको धम्जामा जन्मिएका सपुत चलचित्र 'परदेशी-२' मा नायकका रूपमा समेत देखा पर्दै छन् ।

सो चलचित्र आगामी बडादशैँमा प्रदर्शनमा आउँदै छ । सिर्जनामा सामाजिक विषयवस्तुको उठान गर्ने सपुतले वर्ष २०८० लाई 'जातीय विभेदविरुद्धको वर्ष' बनाउने घोषणा यसअघि नै गरेका छन् । - एजेन्सी

# प्रदर्शनरत चलचित्र 'जारी'बारे के भन्छन् निर्देशक र कलाकार ?



१ गतेदेखि प्रदर्शनरत लिम्बू समुदायको संस्कृतिलाई विषयवस्तु बनाइएको चलचित्र 'जारी'मा श्रीमती फिर्ता ल्याउन संघर्षरत श्रीमानको कथा प्रस्तुत गरिएको छ ।

जारी प्रथासँग सम्बन्धित चलचित्रमार्फत कवि/कथाकार उपेन्द्र सुब्बा निर्देशक बनेका छन् । 'कब्बडी'का शृंखलामार्फत लेखनमा सक्रिय निर्देशक सुब्बाले आफ्नो समुदायको कथा भन्नुपर्छ भन्ने लागेपछि चलचित्र निर्देशन गरेको जानकारी काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा दिए ।

'महिला आँटिला र साहासिला हुन्छन् । स्वाभिमानी छन् र आत्मसम्मान चाहन्छन्, श्रीमती भएँ भन्दैमा सम्मानविना बस्दैनन्,' निर्देशक सुब्बाले भने ।

महिलालाई आफ्नो जीवनसाथी छनोट गर्ने आत्मनिर्णयको सुविधा लिम्बूवानमा रहनुको अर्थ दोस्रो बिहे गर्छन् भन्ने नबुझ्न उनले आग्रहसमेत गरे । 'लिम्बू समुदायमा बिहेमा पतिले वचनका साथ सिक्का (युप्पारुङ) दिइने चलनमा आधारित छ । त्यो युप्पारुङमा चेलीको आत्मनिर्णयको अधिकार समाहित हुन्छ,' निर्देशक सुब्बाले भने, 'कथा त जारीकै हो । तर, हामीले युप्पारुङको महत्वबाट देखाएका छौँ । जारी राख्दा सजिलै बुझ्ने भएकाले नाम त्यो राखिएको हो ।'

अभिनेता दयाहाङ राईले कथा पढ्दा नै उत्कृष्ट चलचित्र बन्ने विश्वास जागेको जानकारी दिए । 'मेरो पात्रबारे कथामै स्पष्ट थियो । मेरो पात्र मायालु, रिसाहा, जिम्मेवार सबै छ । त्यसैले यो सम्पूर्ण भाव एउटै दृश्यमा ल्याउन सक्छु कि सक्दिनँ भन्ने पनि नलागेको होइन,' अभिनेता राईले भने, 'मेरो पात्रलाई जीवन्त बनाउन केही लिम्बू साथीसँग सल्लाह लिएँ, छलफल गरेँ । सांस्कृतिक हिसाबले पनि मलाई अभिनय गर्न धेरै सहज भयो ।' अभिनेता राईले निर्देशक सुब्बासँग 'कबड्डी'देखि नै सहकार्य गरेका थिए । - एजेन्सी

# अमला तौल घटाउन फाइदाजनक, यी ४ तरिकाले गर्नुहोस् सेवन



अमला स्वास्थ्यका लागि निकै फाइदाजनक हुन्छ । यसमा भिटामिन सी, फाइबर, क्याल्सियम, आइरन, पोटासियम, फ्लेभोनोइड्स र एन्टिअक्सिडेन्ट जस्ता पोषक तत्त्वहरू प्रशस्त मात्रामा पाइन्छन् । अमलाको सेवनले शरीरलाई धेरै फाइदा हुन्छ । यसमा पाइने भिटामिन सी र एन्टिअक्सिडेन्टले शरीरको प्रतिरक्षा प्रणालीलाई मजबुत बनाउन मद्दत गर्छ । अमलामा पाइने गुणले मधुमेह र उच्च रक्तचापको जोखिम कम गर्न निकै प्रभावकारी हुन्छ । यसका अलावा तौल घटाउनका लागि अमलाको सेवन निकै फाइदाजनक मानिन्छ । यसको नियमित सेवनले शरीरमा रहेको अतिरिक्त बोसो छिट्टै गल्ने गर्छ । अमलामा एन्टी-ओबेसिटी (मोटोपन विरोधी) गुण हुन्छ, जसले तौल घटाउने काम गर्छ । यसको नियमित सेवनले शरीरको मेटाबोलिजम बढाउँछ र शरीरमा ऊर्जाको खपत बढाउँछ । अब प्रश्न उठ्छ कि तौल घटाउन अमला कसरी खाने ? यसबारे आहार विद् अबरना म्याथ्यूवननले तौल कम गर्नका लागि अमला कसरी खाने भन्ने जानकारी दिएकी छिन् ।

तौल घटाउन चाहनुहुन्छ भने अमलाको जुसलाई आफ्नो आहारमा समावेश गर्न सक्नुहुन्छ । हरेक बिहान खाली पेटमा अमलाको जुस पिउनाले शरीरमा जम्मा भएको विषाक्त पदार्थ बाहिर निकाल्छ र तौल घटाउन मद्दत गर्छ । अमलाको जुस बनाउनका लागि तपाईंले १-२ वटा अमला लिनुहोस् । यसलाई राम्रोसँग पखालेर काट्नुहोस् र यसभित्रको दाना निकाल्नुहोस् । अब यसलाई मिक्चरमा राखेर यसको जुस तयार गर्नुहोस् । नियमित रूपमा अमलाको जुस पिउँदा पेटको बोसो कम गर्न पनि मद्दत मिल्छ ।

**अमला पाउडर**

यदि तपाईं चाहनुहुन्छ भने, तपाईं तौल कम गर्न अमला पाउडर प्रयोग गर्न सक्नुहुन्छ । यसका लागि एक चम्चा अमलाको धूलो मनतातो पानीसँग खानुहोस् । हरेक बिहान खाली पेटमा अमलाको धूलो पानीसँग पिउनाले तौल घटाउनमा धेरै फाइदा हुन्छ । यसका साथै यसले पेट सफा गर्न पनि मद्दत गर्छ ।

**खाली पेटमा अमला खानुहोस्**

बिहान खाली पेटमा अमला खाँदा पनि तौल घटाउन सकिन्छ । अमलामा प्रशस्त मात्रामा फाइबर पाइन्छ, जसले पाचन क्रियालाई सुधार्न मद्दत गर्छ । खाली पेटमा अमला खानाले पाचन प्रणालीलाई स्वस्थ राख्छ र मेटाबोलिजम पनि बढाउँछ । यसले शरीरमा जम्मा भएको अतिरिक्त बोसो बर्न हुन्छ र तौल कम हुन्छ ।

**अमला र एलोभेराको जुस**

तौल कम गर्नका लागि अमला र एलोभेरा जुसको सेवन गर्नु निकै फाइदाजनक मानिन्छ । यसका लागि तपाईं दुई चम्चा एलोभेरा जुस र दुई चम्चा अमलाको जुस लिनुहोस् । यी दुबैलाई एक गिलास मनतातो पानीमा हालेर पिउनुहोस् । तपाईं खाली पेटमा यसो जुस पिउन सक्नुहुन्छ । नियमित रूपमा यी जुस पिउँदा तौल नियन्त्रण गर्न मद्दत गर्छ । - एजेन्सी

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०
प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५
रूफटप होटल एण्ड गेष्ट हाउस
मिटिङ्ग हल, पार्टी पैलेश
गौशाला नगरपालिका- ३, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)

यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

# आफ्नै बुवाबाट घात गरिएका...

अदालत जानुपर्ने भयो तर शान्तिसँग मुद्दा लड्ने पैसा थिएन । उहाँ पनि कानुनी सहायता अधिकृतको कार्यालयमा पुग्नुभयो । “हाम्रो सम्पर्कमा आएपछि निःशुल्करुपमा कानुनी सहायता प्रदान गर्‍यौँ । २०७८ मङ्सिर ३ गते अदालतमा मुद्दा दायर भयो । तीन पटकको बहसपछि वेदको मुद्दा बदर गर्दै गत चैत १९ गते शान्तिको पक्षमा फैसला भएको छ”, कानुनी सहायता अधिकृत साहले सुनाउनुभयो ।

सिरहाका कानुनी सहायता अधिकृत महेन्द्रकुमार पासवानले पनि विपन्न, असहाय, पीडित व्यक्ति अहिले सहायता अधिकृतको कार्यालयमा न्यायको लागि आउन थालेको बताउनुभयो । उहाँले पीडितको तर्फबाट जाहेरी दरखास्त लेखिदिने, अदालतमा बहस पैरवी गर्ने, विभिन्न प्रकारका निवेदन लेख्ने, फिराद, प्रतिउत्तर, लिखित जवाफ लेख्नेजस्ता कार्य निःशुल्करुपमा गर्दा धेरैलाई राहत भएको बताउनुभयो । “सामान्य मुद्दामा पनि धेरै पैसा खर्च हुने भएकाले विपन्न, गरिब तथा दलित समुदायका असहाय व्यक्ति न्यायको पहुँचबाट टाढा छन्”, पासवानले भन्नुभयो, “त्यस्ता नागरिकका लागि मधेस प्रदेशको मुख्य न्यायाधिवक्ता कार्यालयअन्तर्गतको कानुनी सहायता कार्यालय साँच्चिकै वरदान साबित भएको छ । यसलाई अझ सशक्त बनाउन सके धेरै नागरिकको न्यायमा पहुँच स्थापित गर्न निकै सघाउ पुग्नेछ ।”

महोत्तरी र सिरहामा मात्रै होइन गरिब, असहाय, अशक्त नागरिकको न्यायमा सहज र सुलभ पहुँच स्थापित गर्ने उद्देश्यले मधेस प्रदेशका आठवटै जिल्लामा प्रदेश कानुनी सहायता अधिकृत नियुक्त गरी निःशुल्करुपमा कानुनी सहायता प्रदान गर्ने काम भइरहेको मुख्य न्यायाधिवक्ताको कार्यालयका प्रमुख सुदीपकुमार दङ्गालले जानकारी दिनुभयो । यो अभ्यास मधेसमा मात्रै सुरु भएको उहाँको भनाइ छ । “मधेस प्रदेश सरकारको पहिलो कार्यकालमा नै तत्कालीन मुख्य न्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरेर आठै जिल्लामा प्रदेश कानुनी सहायता कार्यालयको अभ्यास सुरु गर्नुभएको हो ।”

बर्सेनि बढ्दै गरेका मुद्दाको सङ्ख्या हेर्दा नागरिकको आकर्षण बढ्दै गएको छ । कार्यालय प्रमुख दङ्गालका अनुसार आर्थिक वर्ष २०७८/७९ मा प्रदेश कानुनी सहायता अधिकृतको कार्यालय धनुषाबाट एक सय ४७, पर्साबाट दुई सय छ, सप्तरीमा छ सय १७ महोत्तरीमा चार सय १४, रौतहटमा चार सय ६८, सिरहामा एक सय ६१, बारामा एक सय ४९ र सर्लाहीमा एक सय ६४ मुद्दामा सहायता प्रदान गरिएको छ ।

मुख्य न्यायाधिवक्ता कार्यालयका सहायक न्यायाधिवक्ता विद्यानन्द साहले कानुनी सहायता उपलब्ध गराइएका मुद्दाको प्रकृति हेर्दा मानाचामल, सम्बन्धविच्छेद, अंश चलन, लेनदेन, नागरिकतासम्बन्धी मुद्दा, चेक अनादर , लिखत बदर, कुटपिट, निषेधाज्ञा, परमादेशजस्ता मुद्दाहरू रहेका बताउनुभयो । “आर्थिक अभाव तथा अन्य कानुनी सचेतनाको अभावले न्यायको सहारा नलिने बरु अन्याय सहन बाध्य समाजका कमजोर नागरिकलाई सहायता दिन यो अभ्यास अत्यन्तै लाभदायी भएको छ”, थप प्रस्ट्याउँदै साहले भन्नुभयो, “यसका साथै स्थानीय तहका प्रतिनिधिलाई तथा न्यायिक समितिका पदाधिकारीलाई आवश्यकताअनुसार कानुनी सल्लाह र परामर्श दिने तथा मेलमिलापकर्तालाई अभिमुखीकरण गर्ने कार्यमा समेत प्रदेश कानुनी सहायता अधिकृतले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । यसलाई थप प्रभावकारी बनाउने आवश्यकता छ ।”

नागरिक अधिकारको हनन हुँदा त्यसको उपचार खोज्ने क्षमता सबैमा समान हुँदैन । यसर्थ कमजोर व्यक्ति र वर्गको हकअधिकार हनन हुँदा राज्यले नै न्यायका लागि सहज र विशेष वातावरण निर्माण गरिदिनुपर्ने मान्यता छ । त्यसैले त नेपालको संविधानले पनि धारा २० (१०) मा असमर्थ पक्षलाई कानुनबमोजिम निःशुल्क कानुनी सहायता पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । त्यसलाई कार्यान्वयन गर्न कानुनी सहायता ऐन, २०५४ अनुसार केन्द्र र जिल्लामा कानुनी सहायता समिति रहने व्यवस्था गरेको छ । यही व्यवस्थाअनुसार केन्द्रीय कानुनी सहायता समिति तथा जिल्ला कानुनी सहायता समितिका साथै न्यायपालिकातर्फ सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा वैतनिक कानुन व्यवसायीको व्यवस्था गरिएको छ ।

“संवैधानिक व्यवस्थाअनुसार अदालत, बार र अन्य संस्थाले पनि कानुनी सहायताका कार्यक्रम सुरु गरेका होलान् तर सङ्घीयताको कार्यान्वयनपछि प्रदेशस्तरमा मुख्य न्यायाधिवक्ता कार्यालयको तहबाट निःशुल्क कानुनी सहायता प्रदान गर्ने अभ्यास मधेस प्रदेशमा मात्रै सुरु भएको छ”, मुख्य न्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुरले भन्नुभयो, “प्रदेशस्तरमा अभ्यासमा ल्याइएको यो कार्यलाई थप प्रभावकारी बनाउँदै प्रदेशका हरेक असहाय नागरिकलाई कानुनीरुपमा जागरुक बनाउने र न्यायमा पहुँच पुर्‍याउनका लागि हामीले आगामी दिनमा थप प्रभावकारी योजना तथा नीति अख्तियार गर्नेछौँ ।”

विविध कारणले आफ्नो मुद्दामा कानुन व्यवसायी राख्न असमर्थ पक्षका तर्फबाट सरकारी खर्चमा वैतनिक वकिल राख्न पाउने व्यवस्थाको सुरुआत सर्वोच्च अदालतबाट २०१५ सालदेखि नै भएको थियो । सुरुमा सर्वोच्च अदालतमा मात्र वैतनिक वकिलको व्यवस्था गरी निःशुल्क कानुनी सहायता प्रदान गरिएकोमा हाल यस्तो सेवालाई सबै तहका अदालत तथा अर्धन्यायिक निकायसम्म विस्तार गरिएको छ । नेपाल बार एसोसिएसनले स्थापनाकालदेखि नै विभिन्न जिल्लामा निःशुल्क कानुनी सहायता उपलब्ध गराउँदै आएको छ । त्यसै गरी, स्वैच्छिक निःशुल्क कानुनी सेवासमेतलाई थप प्रभावकारी, व्यवस्थित र संस्थागत गर्नको लागि विभिन्न प्रयास भइरहेका छन् । राष्ट्रिय महिला आयोग, दलित आयोग, मुस्लिम आयोग, महिला तथा बालबालिका कार्यालयजस्ता सरकारी निकाय तथा अन्य गैरसरकारी संस्थाले पनि निःशुल्क कानुनी सहायता उपलब्ध गराउँदै आएका छन् । यस विषयमा नागरिक तहमा जानकारी प्रवाह तथा जनचेतना अभिवृद्धिका लागि प्रभावकारी कार्यक्रमको अभावमा धेरै असहाय नागरिकले लाभ लिन सकिरहेका छैनन् ।

अहिले सात प्रदेशमा मुख्य न्यायाधिवक्ताको कार्यालय भए पनि मधेस प्रदेशमा मात्रै मातहतका सबै जिल्लामा एक जना कानुन अधिकृत राखेर सेवा प्रवाह भइरहेको छ । जिल्लास्तरमा अदालतलगायत राज्य र अन्य निकायले पनि निःशुल्क कानुनी सहायता प्रदान गरिरहेका छन् । यसबारे जनजनमा जानकारी प्रदान गर्नसके रामअशेश्वर ठाकुर र शान्तिदेवीजस्ता धेरै नागरिक लाभान्वित हुने देखिन्छ । रासस

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.
Hot line number
9748457490 / 9748457491
रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392
प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।
२४ औं घण्टा उपलब्ध सेवा
- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था
स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।
- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# ढाडीमा कमसल निर्माण सामग्रीको प्रयोग गरेर रातारात सडक ढलान



**खबर दर्पण समाचारदाता**

**बैशाख ८ गते, जनकपुर**

धनुषाको विदेह नगरपालिका-४, ढाडीमा कमसल निर्माण सामग्रीको प्रयोग गरेर रातारात सडक ढलान गरिएको रहस्य खुलेको छ । वडाध्यक्ष बाजिव प्रमाणीकै संलग्नतामा कमसल निर्माण सामग्रीको प्रयोग गरेर गत चैत ३० गते राती सडक ढलान गरेको बताइएको छ ।

मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको ४० लाखको लागतमा नर्माण गरिएको ढलान सडकमा माटो मिश्रित बालुवा, दुई नम्बर इँटा र ओपिसी सिमेन्ट ठाउँमा पिसिसी सिमेन्टको प्रयोग गरिएको स्थानीयको भनाइ छ ।

वडा कार्यालयदेखि हजमाको घर सम्म २३५ मिटर लम्बाई, १८ फिट चौडाई र ८ इन्च उचाईको सडक ढलान गर्नुपर्नेमा पनि हजमाको घर सम्म ढलान नगरिएको बताइएको छ ।

वडाध्यक्ष प्रमाणीले गोप्यरुपमा आफ्ना आसेपासे ब्रम्हदेव बिराजीलाई अध्यक्ष बनाएर नर्माण समिति गठन गरेर उक्त कार्य गरेको आरोप लगाइएको छ ।

समिति गठनको विषयलाई लिएर स्थानीयवासीले सम्बन्धित निकायमा उजुरीसमेत दर्ता गराएको थियो । तर, उजुरीमाथि कुनै सुनुवाई नभएपछि स्थानीय प्रमिला देवी महराले उच्च अदालत जनकपुरमा मुद्दा दर्ता गराएको छ । उच्च अदालत जनकपुरले चैत २८ गते सो ठाउँमा बाटो निर्माण कार्य नगराउन भन्दै भौतिक पूर्वाधार विकास मन्त्रालयको नाउँ उर्दी जारी गरेको थियो । अदालते उर्दी जारी गरेपनि अदालतको आदेशविपरित रातारात सडक ढलान गरिएको हो ।

स्थानीयका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयको रेडबुकमा ढलान सडकका लागि २५ लाख रुपियाँ उल्लेख गरिएको छ । तर, निर्माण समितिले सडक ढलानमा ४० लाख रुपियाँको एस्टिमेट बनाएर काम गरेको छ । भौतिक पूर्वाधर विकास कार्यालय जनकपुरका डिई बज्रेशलाल कर्ण, वडाध्यक्ष प्रमाणी र समितिका अध्यक्ष बिराजीले आर्थिक अनियमितता गर्न लागत खर्च र बढी देखाएको छ ।

यता, अदालतको आदेश विपरित सडक ढलान तथा आर्थिक अनियमितता भएको आरोप लगाउँदै स्थानीयवासीले उच्च अदालतमा अदालतको मानहानी गरेको भन्दै अर्को मुद्दासमेत दर्ता गराएको स्थानीयवासी सरोजकुमार महराले बताए ।

# मन्त्री यादवले ७३ दिनको उपलब्धि २१ बुँदामा गरिन् सार्वजनिक

**दिपक कर्ण**

**बैशाख ८ गते, जनकपुर**

मधेस प्रदेशका उद्योग, पर्यटन तथा वन मन्त्री सुनिता यादवले आफ्नो कार्यकालको प्रगति विवरण सार्वजनिक गरेकी छन् । शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरी मन्त्री यादवले २०७९ माघ २४ देखि २०८० वैशाख ७ गतेसम्म (७३ दिन) मा आफूले गरेका कार्यहरू सार्वजनिक गरेकी हुन् ।

मन्त्री यादवले २१ बुँदे कार्य प्रगति विवरण सार्वजनिक गर्दै गर्न बाँकी रहेका कामहरू पनि क्रमशः पूरा गर्ने प्रतिबद्धतासमेत जनाइन् । उनले मन्त्रालयको कार्य प्रगतिअन्तर्गत प्रदेशका ८ वटै जिल्लाका वन क्षेत्रभित्र विगत वर्षदेखि ढलेर रहेका रुखहरू ( काठ/दाउरा) संकलन गरी सुरक्षित स्थानमा घाटगद्दि गरी काठ दाउरा आपूर्ति व्यवस्थापनको नीतिगत निर्णय गरी कार्य सुरु गराएको दाबी गरिन् ।

साथै प्रदेशमा औद्योगिकीकरणको प्रक्रियालाई गतिशील र सुदृढ गर्दै परम्परागत सीप र प्रविधिको प्रवर्द्धन गर्नुका साथै व्यावसायिक जनशक्ति उत्पादन तथा रोजगारीका अवसरहरू सिर्जना गरी देशको आर्थिक विकासमा योगदान पुऱ्याउन नयाँ स्थापना भएको उद्योग विभाग, वीरगञ्जको कार्यविधि-२०७९ स्वीकृत गरी कार्य सञ्चालन सुचारु गराएको उनको जिकिर छ ।

मन्त्री यादवले प्रदेश वन ऐन, २०७७ को दफा ९४ अनुसार प्रदेश सरकारले सर्वसाधारण जनताको हितलाई ध्यानमा राखी सहज सरल रूपमा काठ दाउरा आपूर्ति/बिक्री वितरण गर्न प्रदेशका ८ वटै जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समितिका २४ जना पदाधिकारी मनोनयन गरी कार्य सञ्चालन गराएको जानकारी दिँदै वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ अनुसार उद्योग क्षेत्रसँग सम्बन्धित संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको स्वीकृत गर्नेसम्मको अधिकार उद्योग विभाग, वीरगञ्जका महानिर्देशकलाई प्रत्यायोजन गरी कार्य सञ्चालन गराएको दाबी गरिन् ।

उनले आफूले गत आर्थिक वर्ष २०७९/०८० मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालित कार्यक्रमको मन्त्रालयबाट अनुगमनको कार्यलाई तीव्रता दिएको बताउँदै पर्यटन प्रवर्द्धन गर्ने क्रममा ठूला योजना अन्तर्गतका मिथिला माध्यमिकी परिक्रमाको मटिहानी पडावस्थलमा धर्मशाला निर्माण कार्यको शिलान्यास र पर्यटकीय गन्तव्य स्थलको रूपमा रहेका कारिकबाबा (परौलस्थान) मा पोखरी सौन्दर्यीकरण तथा स्तरोन्नति, पोखरीको डिलमा चारैतिर रेलिङ्ग, लाईट, गोलघर निर्माण कार्यको शिलान्यास गरी कार्य सुरुवात गराएको दाबीसमेत गरिन् ।

मन्त्रालय तथा मातहतका २४ वटै कार्यालयहरूको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम ३ वटै विषयगत क्षेत्र उद्योग, पर्यटन तथा वनको छुट्टाछुट्टै कार्यालय प्रमुखहरूको सहभागितामा बृहत् छलफल तथा अन्तरक्रिया कार्यक्रमको माध्यमबाट जानकारी लिई समयमा गुणस्तरीय काम सम्पन्न गरी शतप्रतिशत प्रगति हासिल गर्ने सुझाव तथा निर्देशन दिनुका साथै प्रदेश सरकार गठन भएपछिको पहिलो मन्त्रीपरिषद्को निर्णय बमोजिम शितलहरहरुबाट प्रभावित प्रदेशवासीहरूमा सरकारको खर्चबाट स्थानीय तहहरूलाई २१२ चट्टा दाउरा निःशुल्क वितरण गराएको मन्त्री यादवले बताइन् ।

पर्यटन विधेयक-२०७९ तयार गरी राय सुझाव/छलफलको क्रममा रहेको र प्रदेश वन नियमावली-२०७९ उपर पुनः समीक्षा गरी त्यो पनि स्वीकृतिको अन्तिम चरणमा रहेको उनले जानकारी दिइन् । उनले मधेस भवन परिसरभित्र प्रत्येक बुधबार बिहान ७ देखि ८ बजेसम्म सरकारी/ गैरसरकारी संघ/ संस्थाहरूको सहभागितामा अभियानको रूपमा सरसफाइ गरी स्वच्छ वातावरण कायम गर्न कार्य शुभारम्भ गराएको बताउँदै नेपाल सरकारबाट आवश्यक निर्णय र निर्देशन नभएसम्मका लागि वन क्षेत्र कायम रहेको जग्गा भूमि आयोगलाई जग्गा उपलब्ध गराउन नसकिने नीतिगत निर्णयसमेत आफूले नै गरेको दाबी गरिन् ।

# धनुषा कांग्रेसको कार्यालय भवन बन्दै, नीधिले गरे शिलान्यास



**खबर दर्पण समाचारदाता**

**बैशाख ८ गते, जनकपुर**

मधेश प्रदेश सरकारको बजेटबाट नेपाली कांग्रेस धनुषाको पार्टी कार्यालय भवन निर्माण हुने भएको छ ।

जनकपुरधामस्थित कांग्रेसको पार्टी कार्यालय परिसरमै भवन निर्माणको आज एक समारोहबीच शिलान्यास गरिएको छ। काँग्रेस नेता विमलेन्द्र निधीले भवनको शिलान्यास गरेका हुन् ।

कांग्रेस पार्टी कार्यालयका लागि आर्थिक वर्ष २०७९/०८० मा तत्कालिन भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादवले ४० लाख रुपैयाँ विनियोजन गरेको थियो । यादव नेपाली काँग्रेसको तर्फबाट मन्त्री बनेका थिए ।

उक्त मन्त्रालय मातहत रहेको शहरी विकास तथा भवन मिर्माण विभागले काँग्रेस पार्टी कार्यालयको भवन निर्माण गर्न उपभोक्ता समिति बनाएको छ । स्रोतका अनुसार काँग्रेसले आफ्ना पक्कडका व्यक्तिलाई उपभोक्ता समिति बनाएको हो ।

प्रदेश सरकारको बजेटबाट पार्टी कार्यालयको भवन निर्माण र उपभोक्ता समितिबारे बुझ्न शहरी विकास तथा भवन निर्माण विभागका प्रमुख समेत रहेका इन्जिनीयर विनोद यादवसँग सम्पर्क गर्दा हुन सकेन ।

स्रोतका अनुसार प्रदेश सरकारको बजेटबाट एउटा ब्लकमा साढे दुई तल्ले भवन र अर्को ब्लकमा सभा हल निर्माण गरिनेछ ।

# एमाले बर्दिवास नगर कमिटी गठन




**खबर दर्पण समाचारदाता**

**बैशाख ८ गते, बर्दिवास**

नेपाल कम्युनिष्ट पार्टी(एमाले) को शुक्रवार बर्दिवास नगर कमिटी गठन गरिएको छ।

गठन गरिएको बर्दिवास नगर कमिटीको अध्यक्षमा कारमान स्याङ्बा, उपाध्यक्षमा प्रतिमा बिश्वकर्मा, सचिबमा निरोज अधिकारि, उप सचिवमा सुनिता महतो ( पुनम) र ठकाइ महतो चयन भएका छन् ।

एमालेको मिसन ग्रासरुट पार्टी सुदृढीकरण तथा बिस्तार अभियान अन्तर्गत शुक्रवार बर्दिवास सेवा समितिको सभाहलमा सम्पन्न बर्दिवास नगर कमिटीको दोश्रो अधिबेशनले बर्दिवास नगर कमिटी गठन गरेको हो ।

एमालेका केन्द्रिय पोलिटब्यूरो सदस्य,पूर्व मन्त्री एवम धनुषा क्षेत्र नं.३ का प्रतिनिधि सभा सदस्य तथा महोत्तरी क्षेत्र नं.१ मिसन ग्रासरुट अभियानका संयोजक जुली कुमारी महतोको विशेष उपस्थितिमा नगर अधिबेशन सम्पन्न भएको हो ।

अधिवेशनले एक अध्यक्ष, उपाध्यक्ष र सचिव तथा दुई उपसचिव र ३८ सदस्य सहित ४३ सदस्यीय नगर कमिटी चयन गरेको छ। सदस्यहरू सर्वसम्मत र पदाधिकारी मतदान प्रकृयाबाट छानिएका हुन् । कूल १३६ मतदाता (प्रतिनिधि) रहेका अधिवेशनमा १३३ जनाले मतदान गरेका थिए ।

नव चयनित पदाधिकारी तथा सदस्यहरूलाई पोल्युटब्युरो सदस्य महतोले सपथ गराएकी थिइन् ।

# प्रदेश प्रमुख समक्ष आदिवासी जनजाति आयोगको प्रतिवेदन पेश




**जनकपुरधाम-** आदिवासी जनजाति आयोगले मधेस प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रसमक्ष शुक्रबार आयोगको तेस्रो वार्षिक प्रतिवेदन पेश गरेको छ ।

आयोगका सदस्य शरण राइले नेपालको संविधानको धारा २९४ बमोजिम आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन गरिएको तेस्रो वार्षिक प्रतिवेदन प्रदेश प्रमुख मिश्रसमक्ष पेश गर्नुभयो ।

प्रतिवेदन पेश गर्दै आयोगका सदस्य राइले आदिवासी जनजाति समुदायको इतिहास र संस्कृतिको पहिचान गर्दै उनीहरूको हकहित र अधिकारको संरक्षण, संवर्द्धन तथा सशक्तीकरण गर्न आयोग लागिरहेको जानकारी दिनुभयो ।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख मिश्रले नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था भए बमोजिम आयोगको काम, कर्तव्य र अधिकार बमोजिम आयोग अघि बढिरहेकोमा खुशी व्यक्त गर्नुभयो ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा